## अपिहिमाल गाउँपालिकाका अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहराबाट गाउँ सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रम

गाउँ सभाका सदस्यहरू,

यस गरिमामय गाउँसभामा आमन्त्रित राजनितिक दलका प्रतिनिधिहरु, नागरिक समाज, बुद्धिजीबि, उद्योगी, व्यापारी, पत्रकार, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।

१. यस गाउँ सभाको प्रारम्भमा मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रूपान्तरणका लागि समय समयमा भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध तथा न्याय पूर्ण संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिद प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु तथा वेपत्ता नागरिकहरुलाई उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्दछु ।

२. ऐतिहासिक संविधान सभाबाट जारी नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन भई गाउँपालिका सरकार गठन भएको छ । विगतमा हासिल गरेका उपलब्धीहरुलाई संस्थागत गर्दै अपिहिमाल गाउँपालिकालाई **"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"** गाउँपालिका बनाउने ध्येयलाई निरन्तरता दिने गरी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

३. गाउँपालिका सरकार विगत झै प्रदेश र संघीय सरकारसँगको समन्वय, सहकार्य र सहअस्तित्वको माध्यमबाट समग्र गाउँपालिकाको विकासमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउँदै प्रदेश तथा संघीय सरकारका तर्फबाट पनि सोही बमोजिमको अपेक्षा गर्दछु ।

४. नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकास लक्ष्य, पन्ध्रौं पञ्चवर्षीय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना प्रदेश सरकारको नीति तथा कार्यक्रम, विगतमा गाउँपालिका सरकारको नीति तथा कार्यक्रम र हालसम्म प्राप्त उपलब्धी तथा अनुभव, गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना, श्रोत साधनको उपलब्धता, गाउँपालिकाको आवश्यकता एवं नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई गठन भएको गाउँपालिकाको सरकारले यो दोस्रो नीति तथा कार्यक्रम तयार गरेको छ ।

<u>गाउँ सभाका सदस्यहरू,</u>

<u>उपस्थित महानुभावहरु</u>

अपिहिमाल गाउँपालिकाले विभिन्न चुनौतीका बीचबाट चालु आर्थिक वर्ष २०७९।८० मा हासिल गरेका प्रमुख कार्य तथा मुख्य उपलब्धीहरु प्रस्तुत गर्दछु ।

**आर्थिक बिकास तर्फ**

**कृषि तथा पशुपालन**

५. कृषकहरुलाई राजुमा, आलुको वीउ, ओखर र स्याउका विरुवाहरु वितरण गरिएको छ । नगदे बाली तथा तरकारी खेतीलाई प्रोत्साहन गर्न कृषकहरुलाई प्लास्टिकको पोलिहाउस वितरण गरिएको छ । स्याउ तथा ओखरको नयाँ पकेट क्षेत्रको स्थापना गरिएको छ । वडा नं. ४ मा आलु पकेट विकास कार्यक्रम संचालन गरिको छ । गाउँपालिका सबै वडाहरुमा खायान आलु उत्पादन कार्यक्रम संचालन गरिएको छ । कृषकहरुले उत्पादन गरेका कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि कृषि व्यवस्था तथा व्यापार कम्पनी लि संग सम्झौता गरिएको छ । साथै अपिहिमाल गाउँपालिकाको खण्डेश्वरीमा स्थानीय वस्तुहरु खरिद तथा विक्रिको लागि कोशेली घर संचालनमा ल्याइएको छ ।

६. रैथाने वालीहरुको संरक्षण गरि स्थानीय बाँसिन्दाहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने उदेश्यले रैथाने वालीहरु चिनु काकनु कोदो जौं फापर लगायतका वाली संरक्षण तथा विस्तार गरिएको छ । अर्ग्यानिक अपिहिमाल कार्यक्रमलाइ प्रभावकारीरुपमा लागु गरि आवस्यक कामहरु अघिवढाइएको छ ।किसानहरुलाई आवस्यक कृषि उपकरणहरु वितरण गरिएको छ ।किसान सुचिकरण कार्य यसै आर्थिक बर्षमा सम्पन्न गरिने छ ।

७. भेडा बाख्रापालन गरिरहेका कृषकहरुलाई नश्ल सुधार गर्न उन्नत जातका थुमा तथा बोका वितरण गरिएकोछ । सबै वडाहरुमा १/१ दिने निःशुल्क कृषि तथा पशु स्वास्थ्य शिविर संचलन गरिएकोछ । खोर सुधार कार्यक्रम अन्तरगत कृषकहरुलाई आवश्यक निर्माण सामाग्री वितरण गरिएकोछ । भेडाको ऊनबाट कपडा बनाउनको लागि ऊन प्रशोधन मेसिन तथा उपकरण वितरण गरिएकोछ । यसले ऊनबाट कपडा बनाउने कार्यमा छिटो छरितो हुनेछ ।

## पर्यटन

८. अपिहिमाल लगायत पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारको लागि अपिहिमाल वेश क्याम्प भ्रमण सप्ताह कार्यक्रम सम्पन्न भएको छ । यस भ्रमण सप्ताहले यस क्षेत्रको पर्यटन पर्वर्द्धनमा महत्वपूर्ण सहयोग पुगेको छ । अपिहिमालको पर्यटन पर्वर्द्धनमा सहयोग पुग्ने उदेश्यले पदमार्ग सहितको पर्यटकीय नक्साको कार्य सुरु भएको छ । पर्यटक पदमार्ग मकरीगाडमा फोहर व्यवस्थापनको लागि डम्पिङ साईट निर्माण सम्पन्न भएकोछ । मकरीगाड बजार क्षेत्रमा पर्यटकीय सूचना केन्द्र निर्माण तयारी गरिएकोछ । वडा नं. १ को धौलीओडारमा पर्यटक आवास गृह निर्माण सम्पन्न भएकोछ ।

९. यस गाउँपालिका क्षेत्रभित्रका पर्यटकीयस्थलहरुको भ्रमण गर्न आउने पर्यटकहरुका लागि बस्नका लागि उपयुक्त बास व्यवस्थापन गर्न गाउँपालिकास्तरमा होमस्टे तालिम सम्पन्न भई होमस्टेहरु संचालनमा आएका छन । पर्यटकहरुलाई पर्यटकीयस्थलको बारेमा जानकारी दिन पर्यटकीयस्थल सम्म पुऱ्याउन ३० जनालाई पर्यटक पथ प्रदर्शक टुरिष्ट गाईड तालिम दिई अनुमती पत्र समेत दिईएकोछ ।

१०. धार्मिक पर्यटकीय क्षेत्र पुनर्निमाण अन्तरगत वडा नं. १, २, ३, ४ ५ र ६ का लुम्चा धल्देउ मन्दिर, महादेव मन्दिर, लटिनाथ मन्दिर, साकार मन्दिर, थापाना मन्दिर, राङचिम मन्दिर लगायत धार्मिक तिर्थस्थलहरुको निर्माण सम्पन्न गरिएकोछ । प्राचिन स्याउजे मन्दिर पुननिर्माण कार्यको सुरुवात गरिएकोछ । अपिहिमाल जाने नयाँ ट्रेकिङरुट निर्माण अन्तर्गत थुम्ति, भकावन, लुम्चा, खायकोट पदमार्ग निर्माण सुरुवात गरिएकोछ ।

११. पाटु-घुसा, सिति-सायाकोट पदमार्ग १० कि.मि. पदमार्ग, खायाकोट-सिमार-धौलिओडार पदमार्ग २० कि.मि. निर्माणाधिन रहेकोछ । पर्यटक पदमार्गमा संकेत चिन्ह राख्ने कार्य सम्पन्न भएकोछ । पाँच हजार मिटर भन्दा माथिका हिमालहरुको उचाई र वेश क्याम्प पहिचान तथा नामांकरण कार्यको सुरुवात भएकोछ ।

## उद्यमशीलता प्रर्वद्धन तथा युवा श्रम तथा रोजगारी

१२. व्यवसाय गर्न चाहने गाउँपालिकाबासिलाई सरल तथा सहुलियत कर्जाको व्यवस्था मिलाइएको छ । गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तरगत सबै वडामा तालिम, प्रविधि हस्तान्तरण गरी उद्यमशिलतालाई प्रोत्साहन गरिएको छ ।

१३. गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तरगत वडा नं. ३ र ४ मा ८ वटा समूह गठन गरी उक्त समूहका ७५ जनालाई क्षमता वृद्धि तालिम दिइएको छ । वडा नं. ३ र ४ का विभिन्न वस्तीहरुका १५ जनालाई ९० दिने सिलाईकटाई सम्बन्धी सीप विकास तालिम दिइएको छ । त्यस्तै वडा नं. ३ र ४ का १७ जनालाई ४५ दिने ऊनबाट पाखा बुनाई सीप विकास तालिम र १ जनालाई ३ महिने व्युटिपार्लरको तालिम दिइएको छ । वडा नं. ३ का थुम्ती, सम्भाड, धामी गाउँ र राता भिटाका ९ जनालाई ७ दिने जौबाट विस्कुट उत्पादन सीप विकास तालिम दिइएको छ । वडा नं. ३ र ४ का १२ जनालाई ४५ दिने होजियारी सम्बन्धी तालिम दिएको छ । वडा नं. ३ का ९ जनालाई ७ दिने च्याउ उत्पादन सम्बन्धी तालिम दिएको छ । वडा नं. ४ का १३ जनालाई ७ दिने टामाटरको सस तथा पुलमको जाम बनाउने तालिम दिइएको छ । वडा नं. ५ का १५ जना पुराना उद्यमीहरुलाई ५ दिने व्यवसाय शुरु तथा विस्तार गर्ने सम्बन्धी तालिम दिइएको छ । वडा नं. ५ र ६ का १५ जना पुराना उद्यमीहरुलाई सिलाई कटाई सम्बन्धी सीप विकास तालिम दिएको छ । वडा नं. ६ का १५ जना पुराना उद्यमीहरुलाई अल्लोको कोटपाखा बनाउने सम्बन्धी सीप विकास तालिम दिइएको छ ।

१४. वडा नं. ३ को थुम्तीमा साझा सुविधा केन्द्रको स्थापना गरिएको छ । वडा नं. २, ३, ४, ५ र ६ का १२० जना लघु उद्यमीहरुलाई सामूहिक तथा व्यक्तिगत रुपमा प्रविधि हस्तान्तरण गरिएको छ ।

१५. प्रधानमन्त्री यूवा स्वरोजगार कार्यक्रम तथा अध्यक्ष स्वरोजगार कार्यक्रम अन्तर्गत सबै वडाहरुमा विभिन्न बिकास निर्माणका कामहरु सम्पन्न भएका छन् ।

**सामाजिक बिकास तर्फ**

**शिक्षा यूवा तथा खेलकूद**

१६. विद्यालयहरुको शैक्षिक तथ्यांक व्यवस्थित गर्नका लागि गाउँपलिका भित्र संचालनमा रहेका सबै विद्यालयका प्रधानध्यापकहरुलाई २ दिने एकिकृत शैक्षिक व्यवस्थापन प्रणाली (EMIS) सम्बन्धी तालिम दिइएकोछ । राहत दरवन्दी र स्वंयम सेवक शिक्षकका रुपमा कार्यरत २४ शिक्षकहरुलाई शिक्षकको पेशागत विकास सम्बन्धी ५ दिने तालिम दिएको छ । सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका ३५ जनालाई क्षमता विकास सम्बन्धी २ दिने तालिम दिइएको छ । त्यस्तै प्रारम्भिक बालविकास

तथा शिशु कक्षाका २४ जना सजहकर्तालाई २ दिने क्षमता विकास तालिम दिइएकोछ ।साथै शिक्षक दरबन्दी मिलानको काम समेत सम्पन्न भएको छ ।

१७. गाउँपालिकाको शैक्षिक गतिविधिलाई नियमित तथा एकरुपता गर्न शैक्षिक भित्तेपात्रो निर्माण गरी कार्यान्यवन गरिएकोछ । वडास्तरीय बाल प्रतिभा पहिचान कार्यक्रम संचालन गरिएकोछ । महिनावारी हुने छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिएकोछ । गाउँपालिका भित्र रहेका अल्पसंख्यक छात्रछात्राहरुलाई वार्षिक रु. १००० हजार छात्रवृत्ती दिने व्यवस्था मिलाईएको । विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएकोछ । गाउँपालिका भित्रका श्री खण्डेश्वरी माध्यमिक विद्यालय, क्षेत्ती, श्री तामाखानी भगवती आधारभूत विद्यालय चौविसन, श्री सरस्वती आधारभूत विद्यालय मरखोला र शुर्मा भवानी आधारभूत विद्यालय थुम्तीमा आहा नमूना कक्षा संचालन गरि पठन पाठनको व्यवस्था गरिएकोछ । त्यस्तै पाठयोजना तथा विद्यार्थी कार्यपुस्तिका निर्माण गरी कक्षा १ देखी ३ र बालविकासका विद्यार्थीरुलाई वितरण गरिएको।

१८. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री खण्डेश्वरी माध्यमिक विद्यालय क्षेत्तीमा ४ कोठे भवन, श्री हिमालय आधारभूत विद्यालय पाथामा २ कोठे भवन, अपिनम्पा आधारभूत विद्यालय पाटुको भवन, चौलानी आधारभूत विद्यालयको २ कोठे भवन, श्री महादेव माध्यमिक विद्यालय घुसाको भवन र वडा नं. ६ को श्री गौरीशंकर आधारभूत विद्यालय मज्जेमा ६ कोठे विद्यालय भवन निर्माण गरिएकोछ ।

१९. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत श्री छिपुलकेदार माध्यमिक विद्यालय धंकं र श्री शुर्मा भवानी आधारभूत विद्यालय थुम्तीमा आई.सि.टी. ल्याव, श्री भवानी माध्यमिक विद्यालय सौगन्नामा विज्ञान प्रयोगशालाको निर्माण गरिएकोछ ।

२०. श्री सरस्वती आधारभूत विद्यालय मरखोलामा र खण्डेश्वरी मावीमा पौष्टिक आहार भान्साघर र फर्निचर निर्माण, श्री महादेव आधारभूत विद्यालय काटै, श्री तामाखानी भगवती आधारभूत विद्यालय चौविसन, श्री सिद्धनाथ आधारभूत विद्यालय घाजिरमा फर्निचर निर्माण तथा विद्यालय मर्मत र श्री भवानी माध्यमिक विद्यालय सौगन्नामा फिल्ड निर्माण तथा कक्षाकोठामा कार्पेटको व्यवस्थापन गरिएकोछ ।

२१. श्री सुर्मा भवानी आ.वि. थुम्तीमा विद्यालय भवन निर्माण, बहुउपयोगी खेलमैदान निर्माण तथा घेरपर्खाल निर्माण तथा तामाखानी भवानी आ.वि. चौबिसन खण्डेश्वरी मा.वि. सरस्वती आ.वि. मरखोला र सुर्मा भवानी आ.वि. थुम्तिमा नमुनाको रुपमा डिजिटल कक्षाको सुरुवात गरी डिजिटल माध्यमबाट पठनपाठन गरिएको छ ।

**जनस्वास्थ्य तथा आयुर्वेद**

२२. स्वास्थ्य चौकीहरुमा संचालित ल्यावहरुलाई थप विस्तार र गुणस्तरीय वनाउन आवश्यक सामाग्रीको व्यवस्थापन गरिएकोछ । पालिकास्तरमा कोल्ड चेन सव सेन्टर विस्तारको लागि ILR Refrigerator व्यवस्थापन गरिएको छ । नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चितता र दीगोपनाको लागि सुक्ष्मयोजना अध्यावधिक तथा सरसफाई प्रवर्धन सम्बन्धी तालिम संचालन गरिएको छ । दीर्घरोगी, जेष्ठ नागरिक तथा अपांगहरुको लागि घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिएकोछ । विद्यालय तथा आमा समूहमा मासिक रुपमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिएको छ ।

२३. दीर्घरोगी तथा आर्थिक रुपमा विपन्नहरुलाई स्वास्थ्य उपचारमा रोगको जटिलता अनुसार आर्थिक सहयोग गरिएको छ । आखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्बन्धी विद्यालय शिक्षक, महिला स्वास्थ्य स्वयं सेविका र स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।

२४. जेष्ठ नागरिकहरुलाई घरदैलोमै आयुर्वेदिक औषधी तथा शक्तिवर्द्धक पेस्टहरु वितरण गरिएको छ । साथै योग शिबिर संचालन गरिएको छ ।

**खानेपानी तथा सरसफाई**

२५. अपिहिमाल गाउँपालिकाको प्रत्येक घरधुरीमा एक घर एक धारा नीति अन्तर्गत चालु आर्थिक बर्ष सम्म ९६ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानीको सुबिधा पुगेको छ । नयाँ आर्थिक बर्षमा सबै घरधुरीमा स्वच्छ खानेपानी पुगाउने लक्ष्य रहेको छ । यसै आर्थिक बर्षमा थुम्ती खानेपानी आयोजना, गैरी चौबिसन खानेपानी आयोजना, मकरीगाड बजार खानेपानी आयोजना र पारी देउली खानेपानी आयोजना सम्पन्न भएको छ । साथै अन्य खानेपानी आयोजनाको दिगोपनाको लागि समितिका साधार सभा तथा मर्मत संभारको काम समेत भएको छ । घरवारी व्यवस्थापन लगाएतका सरसफाइ सम्बन्धी काम समेत निरन्तर भइरहेको जानकारी गर्दछु ।

**वातावरण तथा विपद व्यवस्थापन**

२६. यसै आर्थिक बर्ष देखी अपिहिमाल गाउँपालिका भित्र रहेका संरक्षण सामुदायिक वनहरुलाई पालिकामा सूचिकृत गर्ने कार्य भएको छ । सामुदायिक वनहरुको बार्षिक आम्दानीको १० प्रतिशत राजश्व पालिकामा बुझाउने कार्य सुरु गरिएको छ ।साथै यस आर्थिक बर्षमा दर्ता नविकरण समाप्त भएका सामुदायिक वनहरुको दर्ता नविकरणको लागि गाउँपालिकाबाट आर्थिक सहयोग उपलब्ध गरिएको छ ।

२७. वडा नं. १, २, ३, ४, ५ र ६ को भट्टार रातापानी वृक्षारोपण, कालापहरा वृक्षारोपण, तल्ला झुस्कु रैथाने धारा निर्माण, पानीमूल संरक्षण तथा घट्ट, मरखोला सुधारिएको घट्ट, रिगुर सुधारिएको घट्ट निर्माण, धंकं सुधारिएको घट्ट निर्माण र चौकिबगर सिंचाई निर्माण गरिएको छ ।साथै वडा नम्बर ३ मा सुधारिएको घट्ट र चक्कीहरु वितरण गरिएको छ ।

२८. गाउँपालिका सबै वडाहरुमा विपद पूर्व तयारीका लागि राहत उद्दार सामाग्रीहरुको वितरण गरिएको छ । विपदजन्य घटनाबाट क्षति भएका सबै वडाका २७ वटा योजनाको निर्माण तथा मर्मत संभार गरिएको छ । अविरल वर्षाका कारण क्षति भएका वडा नं. ३ र ६ मा क्षति भएका १० वटा काठेपुलहरुको निर्माण कार्य गरिएको छ । पहिरो, हावाहुरी र आगलागी लगायतका घटनाबाट पीडित ३४ जना लाभग्राहीहरुलाई नगद तथा वस्तुगत राहत उपलब्ध गराइएको छ ।

**पूर्वाधार बिकास तर्फ**

२९. वडा नं. ४, ५, र ६ का वडा कार्यालयहरुको आफ्नै भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भईरहेको छ । वडा नं. १, ३ र ५ का गुरुसाड पाईप ढलनिकास, आरुखोड ढलनिकास, काल्जौवोया ढलनिकास, घाजिर पिसिसि बाटो सहित ढलनिकास, पारी लुम्थि ढल निकास, विशौनाचौर, कोर्थी र रंघाडीमा ढलनिकास निर्माण सम्पन्न भएकोछ ।

३०. वडा नं. १, २, ३, ४, ५ र ६ का घुसा स्वास्थ्य चौकी पछाडिको बाटो, दैभात पिसिसि बाटो, घुसा घट्टेखोला पुल, घुसा स्वास्थ्य चौकी देखि लिथिसम्म घोरेटो बाटो, झुस्कु पिसिसि बाटो, धामीगाउँ कल्भर्ट निर्माण, भौ-भौ खोला काठेपुल, तल्लो अमडे खोला आरसिसि पुल, राउला घोरेटो बोटो, लम्थेङ्ग गाउँ घोरेटो बाटो, सेली खडन्ची घोरेटो बाटो, मल्लो पाङचिम्फु

देखि खडियान घोरेटोबाटो, फुटेपइरा देखि सल्याड झोलुङ्गे पुलसम्म घोरेटो बाटो, तिम्ला देखि सौगन्नासम्म रेलिङ बाटो र पारी तिम्ला घोरेटोबाटो निर्माण सम्पन्न भएकोछ ।

३१. वडा नं. २, ३, ४, ५ र ६ को छविस खेल मैदान, कसौती कुवा संरक्षण, पाथा स्वास्थ्य चौकी घेर पर्खाल, खात्ती सामुदायिक बन घेरपर्खाल, चौविसन स्याउ बगैचा घेर पर्खाल, नौपाटा प्रतिक्षालय र फिल्ड निर्माण, वडा कार्यालय फिल्ड सिडि पिसिसि निर्माण भएकोछ ।

३२. अपिहिमाल गाउँपालिकाको विशेष तथा समपुरक आयोजनाहरु खात्ती ढलनिकास, मकरीकोट खात्ती पदमार्ग तथा चौबिसन ग्रामिण औद्योगिक ग्राम ठेक्का संझौता भै निर्माण सम्पन्नको प्रकृयामा रहेको छ ।

**संस्थागत बिकास सेवा प्रवाह र सुशासन**

३३. अपिहिमाल गाउँपालिकाको प्रशासनिक क्षेत्रको सुधारको लागि गाउँपालिकाको दरबन्दी संरचना संगठनिक तथा व्यवस्थापन सर्वे सम्बन्धी कार्य अगाडि बढेको छ । पालिकाको संस्थागत बिकासको लागि कर्मचारीलाई विभिन्न तालिम तथा नियमित बैठक र कार्यालय अनुगमनको व्यवस्था गरिएको छ ।

**अब म आगामी आर्थिक वर्षमा अबलम्बन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :**

**आर्थिक विकास तर्फ**

**(क) कृषि तथा पशुपन्छी विकासः**

३४. आधुनिक र व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी स्थानीय समुदायहरुको आर्थिक तथा सामाजिक विकासमा विशेष जोड दिईने छ । किसान सुचिकरण गरी किसान परिचयपत्र वितरण गरिने छ ।

३५. सरकारी निकायहरु, दातृ निकायहरु एवं गैरसरकारी संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा "**एक गाउँ, एक उत्पादन**" कार्यक्रम कृषि क्रान्तिको रुपमा संचालन गरिने छ । यस अन्तरगत व्यवसायिक फलफुल खेति, तरकारी खेति, मसला खेती, राजुमा खेती, भेडा, च्याङ्ग्रा तथा बाख्रापालन, कुखुरापालन, मौरीपालन लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायका लागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन र विकास गर्न विशेष जोड दिईनेछ, साथै यस्ता क्रियाकलापमा युवा जनशक्तिलाई आवद्ध गराई रोजगारी सृजनाका साथै उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोड

दिईनेछ । आधुनिकीकरण र प्राविधिकीकरणको अभियान संचालन गरी माटो अनुकूल प्रविधिको खोज अनुसन्धान र प्रयोगलाई जोड दिईनेछ ।

३६. कृषि क्षेत्रमा युवा आकर्षण वृद्धि गर्न **"कृषक सँग अध्यक्ष"** कार्यक्रम संचालन गर्दै कृषक पाठशाला तथा सिकाइ केन्द्र स्थापना र कृषि प्रर्दशनी स्थल निर्माण गरिने छ । बैंक तथा वित्तीय संस्था, सहकारी क्षेत्र संग सहकार्य गरी यूवा स्वरोजगार कोष र गाउँपालिको संयुक्त लगानीमा न्यून व्याजदरमा रु २०००००।- (दुई लाख) सम्म व्यवसायिक ऋण उपलव्ध गरी कृषिमा लगानी गर्न उत्प्रेरित गरिनेछ ।

३७. **"अध्यक्ष नमूना कृषक कार्यक्रम"** संचालनमा ल्याईनेछ, यस अन्तर्गत समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउन प्रत्येक घरघरमा घरवारी र सम्भाव्यताको आधारमा कृषि उत्पादन पकेटक्षेत्रहरु विस्तार गरिनेछ ।**"अर्ग्यानिक अपिहिमाल"** कार्यक्रम संचालन गरी कृषि र पशुपालन क्षेत्रमा अपिहिमाल ब्राण्ड स्थापना गरिनेछ ।

३८. कृषकहरुलाई आवश्यक बोटविरुवा सहजरुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको वहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ । स्याउ र ओखरको हाइटेक नर्सरी स्थापना गरिनेछ । अल्लो तथा भाङ्गो खेतीलाई प्रवर्धन तथा प्रोत्साहन गरिनेछ ।

३९. स्थानीय स्तरमा मल, वीउ, औषधि, उपकरण आदि विक्रि केन्द्र संचालन गर्ने कार्यमा सहकारी, समूह तथा फर्महरुलाई प्रोत्साहित गरिनेछ । वीउ स्रोत केन्द्र तथा वीउ बैंक स्थापना गरिनेछ । विउ उत्पादन, वजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि कृषि उपज संकलन तथा भण्डारणको लागि कोल्डस्टोर निर्माण, रष्ट्रिक स्टोर निर्माण, एग्रोभेट केन्द्र संचालन गर्ने कार्य गरिनेछ । सो प्रयोजनको लागि निजी क्षेत्र तथा सहकारीहरुलाई प्राथमिकताका साथ परिचालन गर्ने नीति लिईनेछ ।

४०. गाउँपालिका अन्तरगत कृषि अनुसन्धान तथा विकासका लागि माटो परीक्षण, प्रविधि हस्तान्तरण लगायत सहुलियत दरमा कृषियन्त्र, मल, विउ, औषधी आदिको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ । प्राङगारिक मल उत्पादनमा जोड दिई भकारो सुधार कार्यक्रम संचालन गरिनेछ । जमिन बैक स्थापना गरी बाँझो जमिन, सार्वजनिक जमिन, निजी जमिनको लगत संकलन गरी कृषि तथा पशुजन्य व्यवसाय गर्दा व्यक्ति, समूह तथा संघसंस्थालाई लिजमा दिई उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

४१. अगुवा कृषकहरु लगायत युवा जनशक्तिलाई व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरुमा आवद्ध गराई रोजगारी श्रृजना गर्नुका साथै आयआर्जन वृद्धि गर्न विशेष अनुदान, सहुलियत कर्जा, प्रविधि एवं तालिमको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ । कृषकहरुको हौसला अभिवृद्धि गर्न कृषि प्रदर्शनी मेलाको आयोजना गरिनेछ । कृषि तथ पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । भेडा तथा बाख्रा स्रोत केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

४२. गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गर्न वडाहरुमा भेडा, च्याङ्ग्रा, बाख्रा तथा कुखुरापालन कार्यक्रम संचालन गरी बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ । भेडा तथा बाख्रा पालन गर्ने किसानहरुलाई उत्पादन तथा विक्रिमा प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ । पशु नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । प्रदेश सरकार संगको सहकार्यमा च्याङ्ग्रा पालन बिशेष कार्यक्रम संचालन गरिने छ ।

**(ख) <u>उद्योग तथा वाणिज्य</u> :**

४३. अपिहिमाल गाउँपालिकालाई लगानीको उचित गन्तव्य वनाउन कर छुट, दर्तामा सहुलियत लगायतका लगानीमैत्री नीति अख्तियार गरिनेछ । गाउँपालिका क्षेत्रभित्र वनजन्य, कृषिजन्य, पशुजन्य, मासुजन्य र दुग्धजन्य लगायतका स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि लगानीकर्ताहरुलाई विशेष प्याकेज मार्फत आकर्षित गरिनेछ ।

४४. गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्रोत साधनहरुको अध्ययन, अनुसन्धान तथा नियमन गर्दै निजी लगानीमा उद्योग व्यवसाय संञ्चालन तथा लगानीमैत्री वतावरण सृजना गरी स्थानीयस्तरमा रोजगारीका अवसर श्रृजना गर्न विशेष पहल गरिनेछ । महिलाको नाममा दर्ता तथा संचालित उद्योगलाई अनुदानको व्यवस्था गरी प्रोत्साहन गरिनेछ ।

४५. स्थानीय श्रोत साधन तथा कच्चा पदार्थमा आधारित विभिन्न साना तथा मझौला किसिमका कृषि तथा पशुजन्य उद्योगहरु (जस्तै : अचार/जुश/जाम/शस्/चिप्स/नमकिन उद्योग, मसला उद्योग, डेरी उद्योग, बिस्कुट तथा वेकरी उद्योग, मिठाई, सावुन, अगरवत्ती, आरन, मूर्ति निर्माण, सिलाईकटाई आदि) जस्ता उद्योगधन्दाहरु सामुहिक तथा व्यक्तिगत रुपमा संचालन गर्न विशेष प्रोत्साहित गरिनेछ, त्यस्ता उद्योग संचानका लागि सशर्त अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाईने छ । त्यसैगरी वन पैदावारमा आधारित उद्योगहरु (जस्तैः जडिवुटी संकलन तथा

प्रशोधन उद्योग, सःमिल, फर्निचर तथा काष्ठ उद्योग, पानी प्रशोधन उद्योग आदि) सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

४६. ऊन प्रशोधन उद्योग, भाङ्गोका कपडा उद्योग, अल्लो प्रशोधन उद्योगको संञ्चालन गर्ने व्यक्ति, समूह तथा संघसंस्थाहरुलाई प्रोत्साहन गरी धागो तथा कपडा उत्पादनमा बृद्धि गरिनेछ ।ऊन, भाङ्गो तथा अल्लोका कपडा उत्पादन गरी **"मेड ईन अपि"** लोगो सहितको ब्राण्ड स्थापित गरिने छ।

४७. दलित समुदायले संचालन गर्दै आएका परम्परागत पेशा, व्यवसायलाई संरक्षण सम्बर्द्धन र आधुनिकीकरण गर्न अनुदानमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

४८. स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति र निकासीका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग व्यापार संझौता गरी उचित बजारिकरणको व्यवस्था मिलाइने छ । जडीबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ । स्थानीय स्तरमा उत्पादित औद्योगिक वस्तुहरुको प्रवर्द्धनको लागि निजी क्षेत्रसँगको समन्वयमा औद्योगिक मेला, प्रदर्शनी तथा अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

४९. यस गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन ग्रामिण औद्योगिक ग्रामलाई व्यवस्थित वनाई संचालनमा ल्याइनेछ ।

**<u>गाउँ सभाका सदस्यहरू</u>**

**(ग) <u>पर्यटन तथा पर्यटकीय स्थल व्यवस्थापन</u>:**

५०. अनुपम प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता लगायत पर्यटकीय सम्भावनाको उपयोग गरी गाउँपालिकालाई पाँच बर्ष भित्र सुदूरपश्चिमको आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिईनेछ । अपिहिमाल गाउँपालिकाको कृषि तथा पर्यटन क्षेत्रको दिर्घकालिन विकासको लागि कृषि तथा पर्यटन गरुयोजना निर्माण गरिने छ । पर्यटन क्षेत्रको दीर्घकालिन तथा आवधिक योजना निर्माण गरी अपिहिमाल गाउँपालिकालाई देशकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा निर्माण गरिनेछ। पर्यटनको प्रवर्धन गर्न निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । मकरीगाडमा पर्यटकीय सूचना केन्द्र स्थापना गरी क्षमता अभिवृद्धि गर्दै प्रविधिमैत्री बनाईने छ ।

५१. अपिपहिमाल गाउँपालिकाको उत्कृष्ट पर्यटकीय ठाउँहरुको पहिचान गरी डिजिटल पर्यटकीय रुट निर्माण गरी पर्यटन पूर्वाधार निर्माणमा संघीय, प्रदेश र गाउँपालिका सरकारको साझेदारीमा जोड दिइनेछ । क्षेत्ती घाजिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

५२. पर्यटकीय रुटहरुमा अवस्थित ग्रामिण वस्तीहरुलाई हेरिटेज होमस्टेको रुपमा विकास गरी परम्परागत शैलीका घर निर्माणलाई प्रोत्साहन गरिनेछ । पर्यटकीय सेवा प्रवर्द्धनका लागि पाहुना स्वागत सामुदायिक भवन निर्माण गरी संचालनमा ल्याईनेछ।

५३. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको भ्रमण गर्ने पर्यटकहरुको सहजताको लागि स्थानीय यूवाहरुलाई पथ प्रदर्शक (Tourist Guide) को तालिम संचालन गर्न संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

५४. सम्भाव्य देखिएका गाउँपालिका भित्रका ऐतिहासिक, प्राचिन, धार्मिक, पर्यटकीय स्थल एवं संस्कृतिको अभिलेखिकरण, पूर्वाधार निर्माण, संरक्षण र प्रचार प्रसार गरिनेछ । साहसिक पर्यटन क्षेत्रको विकास गर्न हनिहन्टिङ, अपिसेतु निर्माणलाई प्राथमिकता दिई बन्जिजम्पिङक लगायतका खेलको सम्भाव्यता अध्ययन गरिनेछ ।

५५. अगामी आर्थिक बर्षलाई अपिहिमाल भ्रमण बर्षको रुपमा मनाइनेछ । प्रदेश सरकारसँगको सहकार्यमा वेश क्याम्प सम्मको पदमार्ग निर्माण गरिने छ । अगामी आवमा पर्यटकीय नक्सा तयार गरि प्रकाशित समेत गरिने छ । साथै खान्डाँडा भ्यु पोइन्ट, तामाखानी भ्यु पोइन्ट लगायत नयाँ पर्यटकीय गन्तव्यको रुपमा पहिचान र बिकास गरिने छ ।

५६. चमेलिया नदिको मुहान संरक्षण तथा नदि किनारका चमेलिया नदि सभ्यता संग जोडिएको गाउँपालिकाहरु संग आवस्यक सहकार्य गरी "**चमेलिया नदि स्वच्छता अभियान**" संचालन गरिने छ । अपि वेश क्याम्प लगायत पर्यटकीय गन्तव्यहरुमा वातावरण मैत्री स्वच्छता तथा सरसफाइ अभियान संचालन गरिने छ । पर्यटकीय गन्तव्यहरुमा पलास्टिक निषेध गरिने छ ।

## (घ) <u>सहकारी क्षेत्रको प्रवर्द्धनः</u>

५७. सहकारीलाई उत्पादनमूलक बनाई सहकारीको माध्यमबाट यूवा स्वरोजगार कार्यक्रमको माध्यमबाट आर्थिक विकासको प्रमुख साझेदारका रुपमा विकसित गर्ने नीति लिइनेछ । सहकारीहरुको विकास, विस्तार र नियमन तथा सहकारीबाट पूँजी निर्माण गरी रोजगारी श्रृजना गर्न सक्ने नीति लिइनेछ ।

५८. गाउँपालिका अन्तर्गत गठन तथा दर्ता भएका सहकारी संस्थाहरुलाई नियमन गरी संस्थागत विकास तथा क्षमता अभिवृद्धि गर्दै लगिनेछ । सहकारी संस्थाहरुलाई व्यवस्थित र वलियो बनाउन संख्यात्मक रुपमा मात्रै धेरै देखिने सहकारी संस्थाहरुलाई समयोजन (मर्ज) गर्न पहल गरिनेछ ।

५९. दैनिक उपभोग्य वस्तु, कृषि, वन, मह उत्पादन, पशुजन्य पदार्थ, वितरण र विक्री गर्ने सहकारीहरुलाई अनुदानको व्यवस्था गरी गाउँपालिकाको प्रमुख वस्तीहरुमा सुपथ मुल्यका सहकारी पसलहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

(ङ) <u>वित्तीय व्यवस्थापनः</u>

६०. बैंक तथा वित्तीय क्षेत्रमा गाउँपालिकावासीको पहुँच अभिवृद्धि गर्न "हरेक गाउँपालिकावासीका बैंकमा खाताः समृद्ध गाउँपालिका निर्माणमा हाम्रो सहभागिता" कार्यक्रम संचालन गरिनेछ ।

६१. बैंक तथा वित्तीय संस्थालाई उत्पादन बर्षको रुपमा लिई कृषि र उत्पादन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । माछापुच्छ्रे बैकसँग सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रम मार्फत ग्रामिण क्षेत्रमा वित्तीय साक्षरता अनुशिक्षण गरिनेछ ।

(च) <u>भूमि व्यवस्थापन तथा प्रयोगः</u>

६२. गाउँपालिकाको कार्यालयले भोगचलन गर्दै आएको सार्वजनिक तथा निजी जग्गा नियमानुसार गाउँपालिका कार्यालयको नाममा स्वामित्व कायम गर्न आवश्यक पहल गरिनेछ । गाउँपालिका अन्तर्गत बाँझो अवस्थामा रहेका जग्गाको तथ्यांक संकलन गर्दै त्यस्ता जग्गालाई आवादी गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

६३. सामुदायिक संघ, संस्था, विद्यालय, बजार क्षेत्र, मठ मन्दिर, चौतारो आदिले भोगचलन गरेको जग्गाहरु छुटयाई नियमानुसार सम्बन्धित संघ संस्थाको नाममा स्वामित्व कायम गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

६४. गाउँपालिका अन्तर्गत रहेका भूमिहिन तथा सुकुम्बासीहरुको पहिचान तथा तथ्यांक अद्यावधिक गरी उनीहरुलाई जग्गा उपलब्ध गरिने छ ।अव्यवस्थित बसोबासीहरुको जग्गा नाप जाँच गरि जग्गा धनी लालपुर्जा दिनको लागि आवश्यक पहल गरिनेछ ।

## सामाजिक विकास तर्फ

### (क) शिक्षा, युवा तथा खेलकूद विकासः

६५. शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी वनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइनेछ ।आँहा नमुना डिजिटल कक्षा कार्यक्रमलाई निरन्तररुपमा माथिल्लो कक्षाहरुमा बिस्तार गरिनेछ ।

६६. गाउँपालिका क्षेत्रमा रहेका विद्यालयलाई बालमैत्री, अपांगमैत्री सहित दक्ष जनशक्ति, पूर्वाधारयुक्त विद्यालय, व्यवहारिक सीप विकास र शिक्षालाई गुणस्तरीय बनाउदै गाउँपालिका शिक्षा प्रोफाइल निर्माण गरिनेछ ।

६७. विद्यालयलहरुको क्षमता अभिवृद्धि, गुणस्तरीय र अभिभावकहरुलाई थप जिम्मेवार वनाउन **"हाम्रो विद्यालय हामी बनाउँछौं"** कार्यक्रम संचालन गरिनेछ । सो कार्यक्रम संचालनको लागि स्वंयम सेवक शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय शैक्षिक सामग्री तथा विद्यालयको शैक्षिक प्रशासन सुधार लगायतको कार्यको लागि विद्यालयमा एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ ।

६८. समुदायको अवस्था विश्लेषण गरी नेपाल सरकारको नीति अनुसार विद्यालय समायोजन कार्यक्रम बारे समुदायलाई अभिप्रेरित गर्दै उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

६९. शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ । विद्यालयहरुमा रिक्त शिक्षकको पदपूर्ति गर्दा अनिवार्य शिक्षण अनुमतिपत्रको व्यवस्था गरिनेछ ।

७०. गरिब, असाहृय जेहेन्दार तथा विकट वस्तीका विद्यार्थिहरुलाई छात्रावासको व्यवस्था मिलाईनेछ । स्थानीय अल्पसंख्यक विद्यार्थिहरुलाई दिइदै आएको छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ । कक्षा १२ सम्मको शिक्षा अनिवार्य गरिने नीति लिइनेछ। सामुदायिक विद्यालयहरुमा अध्ययन गरी MBBS पढन नाम निकालेका जेहेन्दार विद्यार्थिहरुलाई छात्रवृत्तीको व्यवस्था मिलाईनेछ ।

७१. सबै विद्यालयहरुमा स्वच्छ र सफा खानेपानी एवं सरसफाईमा तारे प्रणाली लागू गरी ज्ञान सीप र धारणा विकास गरिनेछ ।

७२. संघीय सरकारको वि.सं. २०७६ देखि २०८५ सम्मलाई सार्वजनिक विद्यालय सवलीकरण दशकका रुपमा कार्यान्वयन गर्ने नीति अनुसार गाउँपालिका क्षेत्रका सबै विद्यालयको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिनेछ ।

७३. गाउँपालिका शिक्षा योजना निर्माण गरिनेछ र सोही बमोजिम शिक्षा सम्बन्धी योजना कार्यक्रमहरु संचालन गरिनेछ । पूर्व विद्यार्थी समाज तथा शैक्षिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँगको सहकार्यमा विद्यालय सुधार योजना लागू गरिनेछ ।

७४. विद्यालयहरुको भौतिक अवस्था अध्ययन गरी आवश्यकतानुसार भवन, घेरबार, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय, प्रयोगशाला आदि निर्माण तथा सुधार कार्यलाई निरन्तरता दिइनेछ ।अगामी आर्थक बर्ष २०८३।८४ भित्र सबै विद्यालयहरु भौतिक पूर्वाधारले सम्पन्न गरिने छ ।

७५. शिक्षकहरुको पेशागत मर्यादा र हकहित कायम गर्दै, गाउँपालिकामा विषयगत शिक्षक समिति तथा विषय विज्ञहरु रहेको रोष्टर निर्माण गरी आवश्यकतानुसार विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ । विद्यालय कर्मचारी, वालविकास शिक्षक, विद्यालय सहयोगी कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

७६. बाली विज्ञान कक्षालाई थप प्रभावकारी बनाई संचालन गरिनेछ । बाली विज्ञान अध्ययनरत विद्यार्थीहरुलाई कृषिसंग जोड्ने नीति लिइनेछ । शिक्षक तथा विद्यार्थीहरुलाई **सिक्दै, सिकाउदै, पढदै कमाउदै** कार्यक्रम संचालन गरी अनिवार्य श्रमसँग जोड्ने नीति लिइनेछ ।

७७. स्थानीय स्तरमा प्राविधिक तथा उच्च शिक्षा हासिल गर्ने अवसर श्रृजना गर्न खण्डेश्वरी माध्यमिक विद्यालयलाई वहु-प्राविधिक शिक्षालयको रुपमा विकास गर्न पहल गरिनेछ।

७८. "सबैका लागि शिक्षा सधैका लागि शिक्षा" भन्ने नारालाई मूर्तरुप दिन विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ ।

७९. प्रत्येक वडामा कम्तीमा पनि एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयको रुपमा विकास गर्न नमूना विद्यालय कार्यक्रम संचालन गरिनेछ ।

८०. गाउँपालिकास्तरमा खेलमैदान र कार्यक्रमस्थलको निर्माण गरिनेछ । एक वडा एक खेलमैदानको नीति लिइनेछ । गाउँपालिकामा आवधिक रुपमा विभिन्न खालका खेलकूद प्रतियोगिताहरु आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्दै खेलाडीहरुको प्रतिभा विकास गर्ने नीति लिइनेछ ।सम्तेली चौड खेल मैदानलाइ प्रदेश स्तरिय हाईअल्टिच्युट खेल मैदान निर्माणको लागि आवस्यक पहल गरिने छ ।

८१.	समुदायस्तर देखि नै खेलकूदको विकास र विस्तार गरी शारीरिक र मानसिक रुपमा सक्षम र अनुशासित नागरिक तयार गर्ने नीति लिईनेछ । राष्ट्रिय, अन्तराष्ट्रिय पदक प्राप्त गर्न सफल खेलाडिहरुलाई प्रोत्साहन गरिनेछ ।

८२.	गाउँपालिकास्तरीय खेलकूद समिति गठन गरिनेछ र समिति मार्फत खेलकूद सम्बन्धी विविध गतिविधिहरु संचालन गर्ने व्यवस्था मिलाइने छ । गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्ष कप भलिवल र अपिहिमाल अध्यक्ष प्रिमियर लिग क्रिकेट प्रतियोगिता व्यवस्थित र भव्यरुपमा आयोजना गरी सम्पन्न गरिनेछ ।

**(ख) <u>जनस्वास्थ्य तथा आयुर्वेद सेवा</u>ः**

८३.	नेपाल सरकारले निशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाई छिटो, छरितो गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

८४.	खण्डेश्वरी स्वास्थ्य चौकीमा संचालित अल्ट्रसाउण्ड तथा ल्याव सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरुलाई स्तरोन्नती गरी स्वास्थ्य चौकीमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

८५.	आवधिक रुपमा स्थानीय स्तरमा विभिन्न रोग सम्बन्धी विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ । टेलीहेल्थ कार्यक्रम तथा टेली मेडिसिन कार्यक्रम संचालनलाई प्राथमिकता दिईनेछ ।

८६.	गाउँपालिका अन्तरगत सबै वडामा संचालनमा रहेका स्वास्थ्य सेवा केन्द्र एवं बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ। साथै आवश्यकता अनुसार स्वास्थ्य क्लिनिक तथा खोप केन्द्रहरु व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ र भरपर्दो बनाउन विशेष जोड दिईनेछ ।

८७.	समुदायस्तरमा स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुऱ्याउदै आएका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको उत्प्रेरणा, हौसला र क्षमता अभिवृद्धिका लागि अभिमुखिकरण, तालिम लगायत पोशाक, मोबाईल, झोला, छाता आदि आवश्यक योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

८८. दुई वर्ष मुनिका सबै बालबालिकाहरुलाई पूर्णखोपको सुनिश्चितता गरी गाउँपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरिनेछ । अति विपन्न, अपांग, जेष्ठ नागरिक, एकल महिला/पुरुष तथा वेसहारा वर्गहरुका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ। **“मेरो स्वास्थ्य मेरो जिम्मेवारी”** कार्यक्रम मार्फत प्रत्येक वडाहरुमा योग शिविर संचालन गरी स्वच्छ आहार विहार, स्वच्छ जीवनशैली यापन गर्ने जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

८९. संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गरी आकस्मिक गर्भवती वा सुत्केरीलाई तत्कालै उपचार गर्नुपर्ने देखिएमा हेलिकप्टर मार्फत उद्दार गर्ने व्यवस्था मिलाइनेछ।

९०. गाउँपालिका अन्तरगत रहेको आयुर्वेदिक औषधालयलाई चिकित्सक सहित स्तरोन्नति गर्न र गुणस्तरी आयुर्वेदिक विधिबाट स्वास्थ्य सेवा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

९१. **"घरघरमा अर्गानिक तरकारीः रोग व्याधि डाँडापारी"** नारा अनुसार अर्गानिक खानपानलाई जोड दिई वहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा लागू गरी पोषणयुक्त अपिहिमाल गाउँपालिका बनाइनेछ।

९२. वहुक्षेत्रीय पोषण कार्यक्रम "उपाध्यक्ष कोशेली कार्यक्रम" को रुपमा संचालन गरिनेछ । यस अन्तरगत सुरक्षित मातृत्व कार्यक्रम, पोषण चौतारी कार्यक्रम, घरघर करेसावारी, एकलमहिला-सबैभन्दा पहिला, पोषण मैत्री संस्था/टोल विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

## (ग) खानेपानी तथा सरसफाईः

९३. सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष्य नं. ६ बमोजिम सन् २०३० भित्र कूल जनसंख्याको ५० प्रतिशतलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको संचालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गर्दै समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्वन गरी समन्वयात्मक एवम् पारदर्शी प्रणाली अनुरुप सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानीका योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाईने छ।

९४. सबैको लागि शुद्ध र स्वच्छ खानेपानी व्यवस्थापन गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको समन्वय तथा साझेदारीमा पालिकावासीहरुलाई स्वच्छ

र सफा पानीको आपूर्ति गर्न **एक घर एक धाराको** नीति अन्तर्गत आगामी आर्थिक बर्ष भित्र सबै घरधुरीहरुमा स्वच्छ खानेपानी सहित एक घर एक धारा कार्यक्रम सम्पन्न गरिने छ । साथै बालमैत्री धाराको व्यवस्थापन गरिनेछ।

९५. गाउँपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता विश्लेषण तथा योजना निर्माणका लागि N-WASH योजना निर्माण र आगामी ५ वर्षे रणनीतिक गुरुयोजना निर्माण गरिनेछ। पूर्ण सरसफाई लागि खानेपानी तथा सरसफाई कोषको स्थापना गरिनेछ ।

९६. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त, समुदाय तथा विद्यालयहरुलाई पूर्ण सरसफाई उन्मुख बनाउने, पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाई अभियान संचालन गरिनेछ । साथै मुहान, स्रोतहरुको संरक्षण एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षण तथा पानी शुद्धिकरण प्रविधिको थालनी गरिनेछ ।

९७. गाउँपालिका अन्तर्गत विगतमा संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने, वस्तीस्तरको आवश्यकता र सम्भाव्यता अध्ययन गरी स-साना खालका खानेपानी योजनाहरु निर्माण गर्न समुदायलाई आवश्यक सहयोग गरिनेछ ।

९८. **"नमूना समुदाय, नमूना योजना"** का सूचकहरु तयार गरी सूचक पूरागर्ने समुदाय तथा योजनालाई प्रोत्साहन गरिनेछ । खानेपानीको दिगोपनाका लागि मुहान संरक्षण, घेरबार, वृक्षारोपण, पानी भरण पोखरी जस्ता विभिन्न कार्यक्रमहरु संचालन गर्न विशेष जोड दिईनेछ ।

९९. खानेपानी सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारी, घरवारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा सहजकर्ताहरु उत्पादन तथा परिचालन गरिनेछ ।

## (घ) संस्कृति प्रवर्द्धनः

१००. **"मौलिकता हाम्रो शान- संस्कृती परम्परा हाम्रो पहिचान"** अभियान अन्तरगत संस्कृती पहिचान, प्रवर्द्धन र विकास संरक्षणको नीति लिईनेछ ।लोकसंस्कृति, भाषा, भेषभुषा, चालचलन आदिको भिडियो डकुमेन्ट्री लगायतका माध्यमबाट संरक्षित गर्ने नीति लिइनेछ । सथै स्थानीय कला, संस्कृतिको संरक्षण, संम्बर्द्धन र विकासका लागि समय सापेक्ष विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।

१०१. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका जिर्ण सम्पदाहरु, विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण र संवर्द्धन, मर्मत सम्भार र विकासका लागि आवश्यक पहल गरिनेछ ।

१०२. परम्परागत मेला, जात्रा तथा पर्वहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनलाई प्रभावकारी वनाईनेछ । क्षेत्तेली भाषा, मल्देशी भेषभुषा तथा संस्कृती, सितोली सौका समुदायको भाषा, भेषभुषा तथा संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । समग्र संस्कृतीको जगेर्ना गर्न मल्देश सांस्कृतिक संग्रालय स्थापना गरिनेछ । प्रचलित कानून विरुद्धका कूरीति तथा कुसंस्कारहरु विरुद्ध सामाजिक जागरण अभियान संचालन गरिनेछ।

**(ङ) <u>लैङ्गिक समानता, सामाजिक न्याय, सामाजिक सुरक्षा तथा समावेशिकरणः</u>**

१०३. आर्थिक सामाजिक विकासलाई प्राथमिकता दिई **महिलासँग उपाध्यक्ष कार्यक्रम** संचालन गरिने छ । विपन्न तथा असाहय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपर्जनका लागि व्यवसायिक तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ ।

१०४. महिलाहरु माथि हुने घरेलु हिंसा न्यूनिकरण र महिला सशक्तिकरणका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । समाजमा रहेका कूरीति, कूसंस्कार, लैंगिक हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम तथा अभियान संचालन गरिनेछ ।

१०५. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाईने विभिन्न हानीकारक अभ्यासहरु निर्मूल गरी महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गरिनेछ ।

१०६. **उपाध्यक्ष किशोरी सशक्तिकरण कार्यक्रम** संचालन गरिनेछ, यस अन्तर्गत आधारभूत तथा माध्यमिक तहका छात्राहरुलाई कानुनी साक्षरता कक्षा संचालन गरिनेछ, साथै महिनावारी हुने सबै महिला तथा छात्राहरुलाई आवश्यकता अनुसार सेनेटरी प्याड निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०७. दलित, आदिवासी जनजाती, अपांग, अल्पसंख्यक तथा पछाडि परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आयआर्जन, सीप विकास, तालिम, रोजगारी, व्यवसाय विकास जस्ता विशेष योजना तथा कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ ।

१०८. जेष्ठ नागरिक, एकल महिला, अपांग, दलित, अल्पसंख्यक आदि वर्गले नेपाल सरकारबाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता वितरणको कार्य अब देखी वडा कार्यालय बाटै दिने व्यवस्था गरिने छ । समाजिक सुरक्षा भत्ता वितरणलाई थप प्रभावकारी बनाइनेछ ।

१०९. छाउपडी प्रथा र जातीय छुवाछुतलाई निरुत्साहित गर्दै यसको अन्त्यका लागि सामाजिक जागरण अभियान संचालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र हुने बालबिवाह, वहुविवाहको अन्त्य गरी बालबिवाह मुक्त गाउँपालिका घोषणा गरिनेछ।

११०. गाउँपालिकास्तरीय महिला संजालहरुको गठन गरी संस्थागत विकास, क्षमता अभिवृद्धि लगायत काम, कर्तव्य र अधिकार सम्बन्धी विभिन्न योजना कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ। असाहय, अनाथ तथा जोखिममा रहेका महिला तथा बालबालिकाको उद्धार तथा संरक्षणको लागि महिला तथा बालवालिका संरक्षण कोषको स्थापना गरिनेछ ।

१११. ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइ संचालन गरिनेछ, यस अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको जीवनयापनमा सहयोग पुग्ने वस्तु तथा सेवा सहित वृद्धवृदाहरुलाई सम्मान गरिनेछ।

११२. समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, घरेलुहिंसा जस्ता अमानवीय र सामाजिक हित विपरित हुने क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिनेछ । जातीय विभेद, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव बेचविखन र विद्युतीय अपराधविरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । लैंगिक तथा यौनिक अल्पसंख्यकको मुलप्रवाहीकरण गरी मर्यादित जीवनयापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

११३. स्थानीय सहकारी, बाल क्लव, यूवा क्लव, आमा समूह, सामुदायिक संघ संस्था र गैरसरकारी संस्थाहरुलाई लक्षित वर्गसँग सम्बन्धित कार्यक्रम संचालनका लागि प्रोत्साहित गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु मार्फत संचालन हुने कार्यक्रमहरुमा एकद्वार प्रणाली नीति अवलम्बन गरी गाउँपालिबाट अनुगमन तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ । सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी वनाइने छ ।

११४. जनआन्दोलन र जनयुद्धका घाइते, अपाङ्ग, शहीद तथा वेपत्ता परिवारको आय आर्जन, जीवन निर्वाह एवं सृजनशील कार्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

(च) <u>रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनिकरण</u>ः

११५. गाउँपालिका भित्रका रोजगारविहिन युवा, युवतीहरुको तथ्यांक संकलन गरी उनीहरुको सीप, योग्यता र दक्षता अनुसार रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ । गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय यूवा-यूवतीहरुलाई विशेष प्राथमिकता प्रदान गरिनेछ ।

११६. शिक्षित रोजगारविहिन युवाहरुलाई रुची र योग्यता अनुसार स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ । ६० देखि ६७ वर्ष उमेर समूहका नागरिकहरुलाई समेत समेटी **"अध्यक्ष स्वरोजगार"** कार्यक्रम संचालन गरिनेछ ।

११७. रोजगारी श्रृजनाका लागि विभिन्न सरकारी निकाय, गैरसरकारी तथा निजीक्षेत्रसँगको समन्वय र सहकार्यमा स्थानीय युवा युवतीहरुलाई विभिन्न सीपमूलक तथा स्वरोजगार सम्बन्धी तालिमहरुमा संलग्न गरी रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ । रोजगार विहिन र प्रवासबाट फर्केका युवाहरुलाई व्यावसायिक कृषि तथा पशुपालनमा उत्प्रेरित गर्न नमूना कृषि तथा पशुपालन फार्म संचालन गर्न प्रतिबद्ध व्यक्ति वा समूहलाई विशेष अनुदान, प्रविधि लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराई प्रोत्साहित गरिनेछ ।

११८. गरिवी निवारणका लागि लघुद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुको स्तरोन्नती, आवश्यकता पहिचान पनर्ताजगी तालिम संचालन गरिनेछ । लघु तथा साना उद्योगहरु संचालन गर्ने निजीक्षेत्र तथा समूहहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप अनुदान, प्रविधि तथा सहुलियत ऋणको व्यवस्था मिलाउन पहल गरिनेछ ।

<u>पूर्वाधार विकास तर्फ</u>

(क) <u>सडक तथा पुल</u>ः

११९. गाउँपालिकाकेन्द्रलाई सडक संजालबाट जोडिनेछ, साथै वडा कार्यालयहरुलाई सडक संजालमा जोड्न संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय गरी सार्थक पहल गरिनेछ। सडक निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन निर्माण पूर्व सडकहरुको डि.पि.आर. वा सर्वे, डिजाईन र लागत ईष्टिमेट तयार गरेर मात्रै निर्माण कार्य संचालन गरिनेछ, साथै

सडकहरु निर्माण गर्दा वन तथा वातावरणीय अवस्थालाई विशेष ध्यान पुऱ्याईनेछ, निर्माण पश्चात बृक्षारोपण अनिवार्य गरिनेछ ।

१२०. गाउँपालिकाका नदी/खोलाहरुमा आवश्यकता अनुसार पुल निर्माण गर्न संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय तथा पहल गरिनेछ ।गाउँपालिका अन्तर्गत संचालनमा रहेका पुलहरुको संरक्षण तथा आवश्यकता र सम्भाव्यताका आधारमा ठूला-साना झोलुंगे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ, पुलको मर्मत सम्भारकर्ताका लागि आवश्यक औजार उपकरणको उचित व्यवस्था गरिनेछ ।

(ख) <u>सिंचाई पूर्वाधार व्यवस्थापन</u>ः

१२१. गाउँपालिका अन्तर्गत विगत देखि संचालित कूलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सिंचाई सुविधा विस्तार गर्नु पर्ने वस्तीहरुको आवश्यकता, श्रोत तथा सम्भव्यता हेरी कुलो, नहर, पोखरी आदि प्रविधिमा आधारित सिंचाई सुविधा निर्माण गर्न आवश्यक पहल गरिनेछ।

१२२. साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भान्यता अध्ययन गर्दै प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ र ठूला सिंचाई आयोजना कार्यान्वका लागि संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायमा समन्वय र पहल गरिनेछ ।

(ग) <u>भवन तथा शहरी विकास</u>ः

१२३. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालना गरिनेछ । गाउँपालिका अन्तर्गत एकिकृत वस्ती विकास तथा बजारीकरण योजनाको सम्भाव्य अध्ययन लगायत आवश्यक पूर्वाधारहरुको मापदण्डहरु निर्धारण गर्ने कार्यको थालनी गरिनेछ । भवन निर्माण आचार संहिता लागू गरी गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा निजी भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सापास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ ।

१२४. वडा नं. १ र ३ का वडा कार्यालय भवन निर्माणको लागि आवश्यक स्रोत व्यवस्थापन गरिएको छ । यसै नयाँ आर्थिक बर्ष भित्र दुइटै वडा कार्यालयहरु निर्माण सम्पन्न गरिनेछ ।

(घ) <u>उर्जा, लघु जलविद्युत तथा साना जलविद्युत (वैकल्पिक उर्जा)</u>:

१२५. वैकल्पिक उर्जालाई बहुक्षेत्रमा उपयोग गर्दै नविकरणीय उर्जा प्रविधि जडान र प्रयोग सहित नविकरणीय उर्जा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । गाउँपालिका भित्र साना तथा लघु जलविद्युत उत्पादनको लागि अध्ययन अनुसन्धानलाई अघि बढाईनेछ, साथै लघु जलविद्युत उत्पादनका लागि निजी क्षेत्रलाई आकर्षण गरिनेछ ।

१२६. गाउँपालिका क्षेत्रभित्र विद्युत सुविधाबाट वञ्चित वडा तथा गाउँ वस्तीहरुमा अगामी आर्थिक बर्ष भित्रै विद्युत सुविधा पुर्‍याउन नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी राष्ट्रिय प्रशारण विद्युत लाईन विस्तार, मर्मत तथा विद्युतिकरण कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गराइनेछ ।

१२७. बजारक्षेत्र, धार्मिक स्थलहरु तथा अन्य सार्वजनिक स्थानहरुमा सौर्य वत्ती जडान गर्न आवश्यक पहल गरिनेछ, साथै विभिन्न संघसंस्था र स्थानीय समुदायसँगको सहकार्यमा नविकरणीय तथा वैकल्पिक उर्जा सम्बन्धी योजना तथा कार्यक्रमहरु (सोलार सिस्टम, वायो ग्यास, गोवरग्याँस आदि) संचालन गरी उर्जा संकट न्युनिकरण गर्न आवश्यक पहल गरिनेछ ।

(ङ) <u>सूचना तथा सञ्चार</u>ः

१२८. नेपाल टेलिकम सँग समन्वय गरी गाउँपालिका अन्तर्गत वडा नम्बर ३ को काटै मर्फुल कटेली गाड बजार वडा कार्यालय र वडा नम्बर १ को सिती आरुखोर भट्टार लुम्चा बस्तीलाइ मध्येनजर गरी उपर्युक्त ठाउँमा टेलिफोन टावर निर्माण गर्न र संचार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

१२९. नेपाल दूरसंचार संस्थान तथा निजी कम्पनीहरु मार्फत गाउँपालिकाको ईन्टरनेट सेवा भरपर्दो र प्रभावकारी बनाइनेछ ।साथै नेपाल टेलिकम संगको सहकार्यमा अप्टिकल फाइवर जडान गरि छिट्टै गुणस्तरीय इन्टरनेट सेवा बिस्तार गरिने छ ।

१३०. गाउँपालिका क्षेत्रभित्र एफ.एम. तथा पत्रपत्रिका संचालन गर्न ईच्छुक व्यक्ति तथा संघसंस्थाहरुलाई प्रोत्साहित गर्दै र नियमानुसार अनुमति प्रदान गरिनेछ । स्थानीय संचार माध्यमहरुको प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

**गाउँ सभाका सदस्यहरू,**

**वातावरण तथा विपद व्यवस्थापन**

**(क) वन, भू-संरक्षण तथा वातावरण संरक्षणः**

१३१. स्वच्छ, सफा, हरित अपिहिमाल गाउँपालिका वनाउने नीतिलाई अवलम्बन गरिनेछ, साथै क्षेत्रगत कानून मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ । सामुदायिक, कबुलियती वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ । नदी/खोला किनार, नदी/खोला उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपणलाई अभियानको रुपमा संचालन गरिनेछ । भू-क्षय, बाढी, पहिरो, मरुभूमिकरण तथा वातावरणीय असन्तुलन र बिनाशको रोकथाम गर्न **"सबै एकजुट भई हातेमालो गरौंः वनविनाश हुनबाट जोगाऔं"** भन्ने नाराका साथ वनजंगलको संरक्षण गर्ने नीति लिइनेछ ।

१३२. जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम संचालन गरी वन तथा वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ । वन तथा वातावरणको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग र विकासका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुसँगको समन्यवमा सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै वन व्यवस्थापन र वन उपयोग नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न पहल गरिनेछ। वन तथा वातावरण व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । बाढी, पहिरो, नदी कटान, भूस्खलन आदिबाट वर्षेनी हुने क्षति रोक्न जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन गरी आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ । बाढी र पहिरोबाट हुने धनजनको क्षतिलाई न्यूनिकरणका कार्यहरु संचालन गरिनेछ।

१३३. गाउँपालिका क्षेत्रमा रहेका अमूल्य र दूर्लभ वनस्पति तथा वन्यजन्तुहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ । जडिबुटी खेती, फलफूल खेती संचालन गर्ने व्यक्ति, समूह तथा संघसंस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

**(ख) जलाधार संरक्षणः**

१३४. भू-संरक्षण, डिभिजन वन कार्यालय लगायत सरकारी तथा गैरसरकारी संघ संस्थासँग सहकार्य गरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम सम्भाव्यता अध्ययनका लागि आवश्यक नीति तर्जुमा गरी सोही बमोजिम कार्यक्रम संचालन गरिनेछ ।

१३५. पानीका श्रोत संरक्षण तथा उपयोग सम्बन्धी नीति निर्माण गरी कार्यान्वय गरिनेछ । साथै विकास निर्माणका कार्य गर्दा वातावरणीय प्रभाव अध्ययन गरी पानीका श्रोत तथा वातावरणमा प्रतिकूल असर नपुग्ने गरी मात्रै गरिनेछ ।

१३६. गाउँपालिका क्षेत्रभित्रका नदी, खोलाहरुले गरेको कटानको नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ । साथै गौडे खोला रिगुर खोला लगायत अन्य खोला तथा नदी कटान नियन्त्रणका लागि आवश्यक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

(ग) <u>फोहरमैला व्यवस्थापन तथा जलउत्पन्न प्रकोप नियन्त्रण</u>ः

१३७. फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि ठाउँ-ठाउँमा सेनेटरी ल्याण्डफिल साईट निर्माण तथा प्रयोग गर्न समुदायलाई प्रोत्साहित गरिनेछ । बजारक्षेत्र र सार्वजनिक स्थानहरुको फोहोरमैला व्यवस्थापनका लागि डस्टवीन तथा ल्याण्डफिल साईटको प्रयोगलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । बजारक्षेत्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरी प्रयोग गर्ने र गराउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । साथै **एक घर, एक शौचालय** अनिवार्य गरिनेछ ।

१३८. फोहरमैला व्यवस्थापनको लागि स्रोतमा नै फोहरमैला संकलन, Re-cycle and Re-use गर्ने नीति लिइनेछ । गाउँ वस्तीस्तरमा टोल विकास संस्था निर्माण तथा परिचालन गरी सरसफाई लगायत अन्य विकास क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गरिनेछ । घरभित्रको फोहोरमैला व्यवस्थापन तथा टोल वस्ती सरसफाई कार्यक्रमलाई संचालन गर्न टोल विकास संस्था/समितिलाई परिचालन गरिनेछ ।

(घ) <u>विपद व्यवस्थापन</u>ः

१३९. गाउँपालिका स्तरीय जोखिम नक्साङ्कनबाट पहिचान भएका क्षेत्रहरुमा बाढी, पहिरो, नदी तथा खोला कटानजन्य प्रकोप न्यूनिकरणका लागि विपद व्यवस्थापनमैत्री नीति कार्यक्रम तय गरिनेछ । गाउँपालिकास्तरीय विपद व्यवस्थापन समितिलाई सशक्त र क्रियाशिल बनाईनेछ । गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । प्राकृतिक प्रकोपजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँगको

समन्वय र सहकार्यमा विपद व्यवस्थापनसँग सम्बन्धित आवश्यक सामाग्रीहरु जगेडा राखिनुका साथै वडा स्तरमा विपद व्यवस्थापन कार्यदल गठन तथा परिचालन गरिनेछ ।

१४०. गाउँपालिका क्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, भुकम्प, असिना, सुक्खा खडेरी जस्ता प्राकृतिक विपद् र अन्य कृतिम विपद्बाट उद्धार गरी तुरुन्त राहत प्रदान गर्न वडा तथा गाउँपालिका, सुरक्षा निकाय, निजि क्षेत्र, राजनीति दल, रेडक्रस तथा गैर सरकारी संस्थासँग समन्वय गरिनेछ।

१४१. विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ र विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यकतानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ । विद्युत तथा ग्यासको असावधानीपूर्वक प्रयोग गर्दा हुन सक्ने दुर्घटनाहरुको न्यूनिकरणका लागि सचेनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**<u>गाउँ सभाका सदस्यहरू</u>**

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

**(क) <u>सामान्य सेवा</u>ः**

१४२. गाउँपालिका भित्रका राजनीतिक दलहरु, गाउँ कार्यपालिका तथा गाउँ सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा जनप्रतिनिधिहरु बीच आपसी सहमति, सहकार्य र कार्यगत एकतालाई प्रोत्साहित गर्दै हरेक विषयहरुमा सर्वसम्मतरुपमा निर्णय गर्ने एवं कार्यान्वयन गर्ने परिपाटी कायम गरिनेछ ।

१४३. क्षमता अभिवृद्धि तथा प्रोत्साहनमूलक कार्यक्रम मार्फत गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यदक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाइनेछ । नागरिकहरुलाई छिटो छरितो र स्थानीय स्तरमै सेवा प्रवाह गर्न गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुलाई थप व्यवस्थित गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी वनाईनेछ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत समग्र जनशक्तिका लागि तालिम, अध्ययन, अवलोकन कार्यक्रम संचालन गरिनेछ ।

१४४. गाउँपालिका अन्तर्गत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुमा पारदर्शिता र जवाफदेहिता कायम गर्न नियमित अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण लगायत स्थानीय संचार माध्यम र अन्य माध्यमहरु मार्फत साबर्जनिक गर्ने व्यवस्था गरिनेछ ।

१४५. गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका, गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको होर्डिङ्ग बोर्ड, संचालित योजना स्थलहरुमा योजना सूचना बोर्ड राखि पारदर्शिता कायम गर्ने कार्यलाई निरन्तरता दिंदै प्रभावकारी वनाईनेछ ।

१४६. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विषयगत शाखाको कार्यविवरण, पदीय कार्यविवरण, कार्यसम्पादन सम्झौता करारको व्यवस्था गरी नतिजामूलक प्रशासन संचालन गरिनेछ ।

१४७. न्यायिक समितिको संस्थागत विकास गरी नागरिकलाई न्यायमा सहज पहुँच पुऱ्याइनेछ । बालमैत्री, लैंगिकमैत्री, अपांगमैत्री शासनको अवधारणालाई आत्मसात गर्दै **"जनताको शासनमैत्री प्रशासन"** कार्यक्रम अन्तरगत सेवाग्राही प्रति उत्तरदायि सेवा प्रवाहको वातावरण तयार गरिनेछ।

१४८. जिल्लास्तरमा उपलब्ध हुने विभिन्न प्रशासनिक सेवाहरु स्थानीय स्तरमै उपलब्ध गराउन सम्बन्धित सरकारी निकायहरुसँग समन्वय गरी एकिकृत घुम्ति शिविर कार्यक्रम संचालन गरिनेछ।

**(ख)** **शान्ति सुरक्षा व्यवस्थापनः**

१४९. गाउँपालिका अन्तर्गत शान्ति, अमनचयन र नागरिकको जीउधनको सुरक्षाको निमित्त गाउँपालिका क्षेत्रभित्रका स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशिल र जनमुखी बनाइनेछ । **"ज्यानको सुरक्षा धनको रक्षा"** नाराका साथ लागू औषध विरुद्धको सचेतना अभियान संचालन, लागू औषध उत्पादन, बिक्री वितरण, ओसारपसार तथा सेवनको नियन्त्रण गरिनेछ । समाजमा विद्यमान जुवातास, मदिरा, लागू औषध र अन्य अवैध क्रियाकलापहरुको निषेध, नियमन र नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।

१५०. समुदायमा हुने विभिन्न खालका घटना तथा मुद्दा मामिलाहरु यथासमयमा निष्पक्ष र न्यायोचित ढंगबाट निरोपण गरी नागरिकलाई सुशासन र न्यायको प्रत्याभूति दिलाउन गाउँपालिकाको न्यायिक समिति तथा सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि गर्दै उनीहरुको भूमिकालाई थप प्रभावकारी बनाइनेछ ।

**(ग)** **सूचना प्रविधिः**

१५१. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई पारदर्शी, जवाफदेही तथा जनसहभागितामूलक बनाउन सूचना प्रविधिको उपयोगलाई प्राथमिकता दिइनेछ । संघीय सरकार, प्रदेश सरकार, सरोकारवाला

संघ संस्थासँगको समन्वय तथा साझेदारीमा गाउँपालिकालाई पेपरलेस बनाउदै डिजिटल गाउँपालिका बनाउने नीति लिइनेछ ।

१५२. गाउँपालिकाको आन्तरिक प्रशासन सुधार, घरनक्सा, जिन्सी, योजना, राजश्व, दर्ता चलानी, गुनासो सुनुवाई व्यवस्थापन प्रणाली लगायतका सफ्टवयर जडान गरी विद्युतीय शासनलाई आत्मसात गरिनेछ। गाउँपालिकाका सम्पूर्ण अभिलेखलाई विद्युतीय प्रणालिमा आधारित बनाउदै सूचना केन्द्रको स्थापना गरिनेछ ।

**(घ) <u>पञ्जिकरण व्यवस्थापनः</u>**

१५३. पञ्जिकरणका कामकारवाहीहरुलाई विद्युतीय माध्यमद्वारा व्यस्थापन गर्ने नीति लिइनेछ । सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गरी वितरण र अभिलेखिकरणलाई चुस्त दुरुस्त बनाइने छ।

**(ङ) <u>तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापनः</u>**

१५४. गाउँपालिकाको आवधिक विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । शिक्षा, स्वास्थ्य, कृषि, विपद, पूर्वाधार, पञ्जिकरण, पर्यटन लगायतसँग सम्बन्धित तथ्यांकहरुको व्यवस्थित विद्युतीय अभिलेख राखिनेछ । गाउँपालिकाको डिजिटल प्रोफाईललाई समय-समयमा अद्यावधिक गरी विश्वासनीय बनाइने छ ।

**(च) <u>सुशासन प्रवर्द्धनः</u>**

१५५. गाउँ कार्यपालिकाको कार्यालय अन्तरगत कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरी सोही आधारमा कार्य सम्पादन मूल्यांकन गरिनेछ । उत्कृष्ट कार्य सम्पादन गर्ने गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, करदाता, शिक्षक, उपभोक्ता समिति, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतिको विकास गरिनेछ ।

१५६. सरकारी एवं गैरसरकारी क्षेत्रबाट गाउँपालिका क्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी नतिजामुखी अनुगमन मूल्यांकन प्रणाली विकास गरिनेछ । गाउँपालिकालाई कार्यक्षेत्र बनाई कार्यरत सबै गैरसरकारी संस्थाहरुलाई गाउँपालिकाको पूर्व सहमति र समन्वयमा कार्य गर्ने वातावरण निर्माण गरिनेछ । वडा तहमा कार्यक्रम गर्न जाँदा सम्बन्धित वडासँगको समन्वयलाई प्रभावकारी बनाइनेछ ।

(छ) <u>अध्ययन, अनुसन्धानः</u>

१५७. गाउँपालिकाको उन्नती र विकासका लागि विभिन्न खोजमूलक अध्ययन अवलोकन, अनुसन्धान तथा परामर्श गरिनेछ ।

(ज) <u>राजश्व परिचालनः</u>

१५८. आन्तरिक आयमा वृद्धि गर्न करका दर भन्दा दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदातामैत्री वातावरण तयार गरिनेछ । नियमित रुपमा कर तिर्ने र कर छलि गर्नेलाई प्रोत्साहन र दण्ड जरिवानाको व्यवस्था गरिनेछ । सम्पर्ण उद्योग धन्दा तथा व्यापार व्यवसायहरुलाई अभिलेखिकरण गर्दै कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोत बृद्धि गरिनेछ ।

१५९. कानून बमोजिम गाउँपालिकाबाट उठाइने मालपोत, घरकर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरी राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइने छ ।

१६०. गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक वस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ ।

१६१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम गाउँपालिका अन्तर्गत सामुदायिक वनहरुमा संकलन हुने काठ, दाउरा बिक्रीबाट प्राप्त हुने राजश्वको दश प्रतिशत रकम गाउँपालिकाको आन्तरिक स्रोत खातामा दाखिला हुने व्यवस्था मिलाइने छ ।

<u>गाउँ सभाका सदस्यहरू</u>

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाको आम्दानी बृद्धि भई गाउँपालिकालाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा सक्षम बनाउन सहयोग पुग्ने, आधारभूत पूर्वाधारहरुको निर्माण हुने, कृषि क्षेत्रको रुपान्तरणको आधार तयार हुने, अपिहिमाल गाउँपालिकामा विकासको मार्ग फराकिलो भई पिछडिएका वर्ग, क्षेत्र, जाती, लिंग, भाषा, समुदाय, मजदुर, किसान, अल्पसंख्यक समुदायको अधिकारको सुनिश्चिततामा मद्दत पुग्ने विश्वास लिदै सामाजिक, आर्थिक क्षेत्र थप गतिशिल हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट सामाजिक रुपमा पिछडिएको वर्ग, क्षेत्रको अवसर र पहुँच सुनिश्चित भई सामाजिक न्याय कायम हुने विश्वास लिएको छु । समग्रमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट सुन्दर, समृद्ध र बिकसित अपिहिमालको आकांक्षालाई पूरा गर्न सहयोग पुग्नेछ । साथै उपरोक्त नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सबै क्षेत्रबाट सकृय सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा अपिहिमाल गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने संघीय सरकार, सुदुरपश्चिम प्रदेश सरकार, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दल, शिक्षक बुद्धिजिविहरु, निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार जगत, गैरसरकारी संस्थाहरु लगायत सम्पूर्ण अपिहिमालवासी आमाबुवा, दिदि बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

अपिहिमाल गाउँ सभाको सम्बत २०८० असार ५ गते मंगलबारका दिन बसेको सोह्रौं अधिवेशनको तेस्रो बैठकले यो विधेयक पारित गरेको हुँदा सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

..............................

(भक्त सिंह ठेकरे बोहरा)

सभाध्यक्ष

अपिहिमाल गाउँपालिका गाउँ सभा